पोखरा उपत्यका साइडसिन घुम्न जाऔं
घुमाउने ठाउँहरू
बेगनास-रुपा ताल, पचभैया बन्यजन्तु पार्क (चिडिया घर), पुम्दीकोट, स्तुपा, डेभिडफल, भ्यूटावर, चमेरे गुफा, विन्दवासिनी मन्दिर, माउन्टेन म्यूजियम लगायतका ठाउँहरु साथै मुक्तिनाथ जान आउनको लागि बसको सुबिधा।
गाडी छुट्ने समय
बिहान ९:३० बजे

सम्पर्कः मानसरोबर टुर्स एण्ड ट्राभल्स
061-544439, 589012, 9856051659
9856034631, 9856082622

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २६ ❑ अङ्क ७९ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८१ चैत २० गते बुधबार ❑ 2 April 2025 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-

## पोखराबाट एकै दिन दुई वटा अन्तर्राष्ट्रिय फ्लाइट

**पोखरापत्र संवाददाता**
पोखरा, १९ चैत

पर्यटनको राजधानि पोखराबाट मंगलबार एकै दिनमा दुई वटा अन्तराष्ट्रिय हवाई उडान भएको छ। पोखरा अन्तराष्ट्रिय विमानस्थलबाट एउटा व्यवसायीक चार्टर्ड उडान भयो भने अर्को व्यवसायीक उडान भएको पोखरा अन्तराष्ट्रिय विमानस्थल कार्यालयले जनाएको छ।

चिनको सिचुवान एयरलाइन्सले व्यवसायीक चार्टर्ड फ्लाइट गर्‍यो भने हिमालयन एअराइन्सले पोखरा देखि ल्हासा व्यवसायीक उडान गरेको हो। चिनको छेन्दुबाट पोखरा आएको सिचुवान एयरलाइन्सको जहाजमा ६० जना यात्रु पोखरा आएसंगै पोखराबाट १ सय २० जना यात्रु छेन्दु प्रस्थान गर्नु भएको पोखराका मेयर धनराज आचार्यले बताउनु भयो। उहाँका अनुसार उद्योग बाणिज्य संघको नेतृत्वमा पोखरा, लेखनाथ, नगर तथा जिल्ला उद्योग बाणिज्य संघको समन्वयमा पोखरा देखि नीजि क्षेत्रको पहलमा दोश्रो चार्टर्ड फ्लाइट भएको हो।

सिचुवानले यसअघि चैत्र ५ गते पहिलो व्यवसायीक चार्टर उडान गरेको थियो। पोखराका मेयर धनराज आचार्यको नेतृत्वमा १ सय २६ सदस्य ८ दिन ७ रातको व्यवसायीक प्रबर्द्धनमा छेन्दु गएको थियो। पोखराका पर्यटन व्यवसायी सहित पोखरा पर्यटन परिषद, नेपाल पर्यटन बोर्ड गण्डकी प्रदेशको समेत समन्वयमा पोखरा महानगरपालिकाको सहकार्यमा उक्त प्रबर्द्धनात्मक कार्यक्रम भव्य रुपमा सफल भएको परिषदका अध्यक्ष तारानाथ पहारीले बताउनुभयो। अहिलेसम्म पोखरा अन्तर्राष्ट्रिय विमानस्थलबाट १४ वटा चार्टर फ्लाइट भएको बताइन्छ। त्यसै गरी सोमबार ल्हासाबाट पोखरा आएको हिमालयन एअरलाइन्सको विमान आज २९ जना यात्रु लियर ल्हासा प्रस्थान गरेको छ। चाइनिज नागरिक सहित अन्य पर्यटक गरी १ सय ७ जना यात्रु लियर हिमालय एअरलाइन्स कम्पनीको विमानबाट सोमबार दिउँसो पोखरा अन्तराष्ट्रिय विमानस्थलमा आएको हिमालय एअरलाइन्स्का उपाध्यक्ष एवम् प्रवक्ता विजय श्रेष्ठले बताउनु भयो। तिव्वतको भिषा प्रकृया केही लामो भएको हुदाँ यात्रुले चाहेको कम्तिमा २ साता समय लाग्ने बताइन्छ। ल्हासा जानको लागि तिब्बतबाट अनुमति दिए पछि मात्र चिनिया दुताबासले भिषा दिने गर्दछ। तिब्बत जाने यात्रुले एक महिना अघि देखि भिषा प्रकृया अघि बढाउनु पर्ने व्यवसायीहरुले बताउनु भयो। चीनको स्वशासित क्षेत्र तिब्बतको राजधानी शहर ल्हासा तीन हजार ४ सय ९० मिटर उचाइँमा रहेको छ। पोखराका मेयर धनराज आचार्य सहितको टोलीले टोलीलाई बिदाई तथा पोखरा आएका पर्यटकलाई स्वागत गर्नु भएको थियो। पोखरामा एकै दिनमा दुई वटा अन्तराष्ट्रिय हवाई उडान हुनुले पोखरामा अब हवाई उडानको दिगो व्यवस्थापनको लागी पोखरा देखि छेन्दु र पोखरा देखि ल्हासा उडानको लागि यात्रुको खोजि गर्नु अर्को चुनौती रहेको एअरलाइन्स कम्पनीले गुनासो गर्नु भयो।

## गण्डकी प्रदेशका ८ जिल्लामा खेलकुद विकास पदाधिकारी नियुक्त

**पोखरापत्र संवाददाता**
पोखरा, १९ चैत



गण्डकी प्रदेशका ८ जिल्लामा जिल्ला खेलकुद विकास समितिका पदाधिकारी नियुक्त हुनु भएको छ।

गण्डकी प्रदेशका जिल्ला खेलकुद विकास समितिहरु गत फागुन ९ गते रिक्त भएसंगै प्रदेश खेलकुद परिषदका अध्यक्ष एवं सामाजिक विकास, युवा तथा खेलकुद मन्त्री बिन्दु कुमार थापाले ११ जिल्ला मध्य ८ जिल्लाका पदाधिकारी हालै नियुक्त गर्नु भएको हो। प्रदेश सरकार नेतृत्व गरेको नेपाली काँग्रेसले ६ जिल्लामा अध्यक्ष सहित कोषाध्यक्ष र सरकारमा सहकार्यको भूमिकामा रहेको नेकपा एमालेले ५ जिल्लामा अध्यक्ष र कोषाध्यक्ष पाउने गरी गरिएको सहमति बमोजिम पदाधिकारीहरु मनोनयन गरिएको परिषदले जनाएको छ।

काग्रेंसको भागमा कास्की सहित गोर्खा, स्याङजा, बागलुङ, म्याग्दी र मनाङ परेको हो। अन्य जिल्लामा भने सरकारसंग सहकार्य गरेको नेकपा एमालेको भागमा नवलपुर, मुस्ताङ, लमजुङ, तनहुँ र पर्वत परेको हो। यसैबिच, प्रदेश खेलकुद परिषद गण्डकीको सभाकक्षमा आयोजिक एक कार्यक्रममा परिषदका अध्यक्ष एवं गण्डकी प्रदेश सरकारका सामाजिक विकास, यूवा तथा खेलकुद मन्त्री विन्दु कुमार थापाको रोहबरमा परिषदका सदस्य सचिब श्रीधर शर्माले सपथ ग्रहण गराउनु भएको हो। काँग्रेसले ६ जिल्लामा अध्यक्ष सहित कोषाध्यक्ष र सरकारमा सहकार्यको भूमिकामा रहेको नेकपा एमालेले ५ जिल्लामा अध्यक्ष र कोषाध्यक्ष पाउने गरी गरिएको सहमति बमोजिम पदाधिकारीहरु मनोनयन गरिएको हो। नेपाली काँग्रेसले ५ जिल्लामा उपाध्यक्ष र सचिव तथा नेकपा एमालेले ६ जिल्लामा उपाध्यक्ष र सचिब सहित पदाधिकारी मनोनयन गरिएको परिषदका अध्यक्ष एवं मन्त्री थापाले बताउनु भयो।

जिल्ला खेलकुद विकास समिति गोर्खाको अध्यक्षमा प्रेम बहादुर तामाङ, उपाध्यक्षमा मकेश बानियाँ, सचिवमा अमृता गुरूङ र कोषाध्यक्षमा होम बहादुर थापा मगर नियुक्त हुनु भएको हो। त्यसै गरी लमजुङको अध्यक्षमा सुमन श्रेष्ठ, उपाध्यक्ष अमृता पौडेल, सचिवमा मिन प्रसाद घले र कोषाध्यक्षमा रवि थापा, तनहुँको अध्यक्षमा अनिल पाण्डे (पुनः दोहोरिएको), उपाध्यक्षमा इनकन पोखेल खनाल, सचिबमा विश्व कुमार बुढा र कोषाध्यक्षमा कविराज श्रेष्ठ, कास्कीको अध्यक्षमा मिलन गुरूङ, उपाध्यक्षमा तिलक अधिकारी क्षेत्री, सचिबमा अन्जु केसी र कोषाध्यक्षमा विग्नेश थापा नियुक्त हुनु भएको हो। त्यस्तै स्याङजाको जिल्ला खेलकुद विकास समितिको अध्यक्षमा प्रकाश रेग्मी (पुनः दोहोरिएको), उपाध्यक्षमा विजय विक्रम खाँड, सचिबमा विद्यादेवी भट्टराई र कोषाध्यक्षमा धिरज खाँड, पर्वतको अध्यक्षमा जङ्ग बहादुर पुन मगर, उपाध्यक्षमा राजन गुरूङ, सर्ा चवमा सपना पुर्जा पुन मगर र कोषाध्यक्षमा जगत प्रसाद लामिछाने, बागलुङको अध्यक्षमा (निर्णय हुन बाँकी), उपाध्यक्षमा कल्पना श्रेष्ठ र सचिवमा किशोर थापा, कोषाध्यक्ष (मनोनयन हुन बाँकी) रहेको छ भने म्याग्दी- अध्यक्षमा सुमन श्रेष्ठ, उपाध्यक्षमा विष्णु कुमार रोक्का, सचिबमा कुमार

बाँकी अन्तिम पृष्ठमा ▶▶

## क्षेत्रप्रताप स्मृति साहित्य पुरस्कार सरुभक्तलाई

**पोखरापत्र संवाददाता**
तनहुँ, १९ चैत

यस वर्षको 'क्षेत्रप्रताप स्मृति साहित्य पुरस्कार' साहित्यकार सरुभक्तलाई प्रदान गरिने भएको छ।

गीतल प्रतिष्ठान नेपाल तथा नाटक मञ्च तनहुँद्वारा स्थापना भएको उक्त पुरस्कार यही चैत ३० गते कवि अधिकारीको स्मृति दिवसका दिन प्रदान गर्ने निर्णय भएको मञ्चका अध्यक्ष आकाश अधिकारीले राससलाई बताउनुभयो।

यसैगरी, मञ्चद्वारा स्थापना भएको 'यदुनाथ खनाल सम्मान' बाट डा. भेषबहादुर थापा, 'नेपाल अधिराज्यमा तनहुँ' वाङ्मय पुरस्कारबाट भारतको कोलकाताका लेखक डा. सत्यप्रकाश तिवारीलाई प्रदान गरिने अध्यक्ष अधिकारीले जानकारी दिनुभयो। तीनवटै पुरस्कारको राशि जनही रु २५ हजार छ।

दश हजार राशिको गीतल राष्ट्रिय पुरस्कार दैलेखका साहित्यकार ओम रिजाल र पाँच हजार राशिको गीतल प्रतिभा पुरस्कार तनहुँका स्रष्टा नारायणकैलाश सिग्देललाई प्रदान गर्ने निर्णय भएको छ।

## अन्नपूर्ण आधार शिविरमा पुग्न थाले आरोही

**पोखरापत्र संवाददाता**
म्याग्दी, १९ चैत

अन्नपूर्ण हिमाल आरोहणका लागि आरोहीहरू आधार शिविरमा पुग्न थालेका छन्। आठ हजार ९१ मिटर अग्लो अन्नपूर्ण हिमाल आरोहण गर्ने आधार शिविर म्याग्दीको अन्नपूर्ण गाउँपालिका-४ नारच्याङको भूगोलमा पर्दछ।

चालु वसन्तयाममा अन्नपूर्ण हिमाल आरोहणका लागि आएका आरोही, शेर्पा, पथप्रर्दशक, मजदुर र पर्यटकहरूको आधार शिविरमा चहलपहल बढेको अन्नपूर्ण गाउँपालिका-४ का वडासदस्य श्याम पुर्जाले बताउनुभयो।

"अन्नपूर्ण आधार शिविरमा आरोहण टोलीले टेन्ट टाँगेर गाउँ जस्तै बनाएका छन्", उहाँले भन्नुभयो, "आरोहण टोलीका साथै आन्तरिक तथा बाह्य पर्यटकहरूको पनि आगमन सुरु भएको छ।" उहाँका अनुसार समुन्द्री सतहबाट चार हजार एक सय मिटर उचाइमा आरोहीका साथै घुमघामका लागि पर्यटकहरू पनि आउन थालेका छन्। पर्यटन विभागले पछिल्लो पटक गत मङ्लवार सार्वजनिक गरेको तथ्याङ्क अनुसार यस वर्षको वसन्तयाममा अन्नपूर्ण हिमाल आरोहणका लागि पाँच समूहका ३० पुरुष र १२ जना महिला आरोहणको अनुमति लिएका छन्। वसन्तयामका लागि हालसम्म पाँच वटा हिमाल अरोहण गर्न ५८ जनाले अनुमति लिएकामा सबैभन्दा बढी अन्नपूर्ण चढ्ने पर्यटक रहेका विभागका निर्देशक आरती न्यौपानेले जानकारी दिनुभयो। उहाँका अनुसार पायनियर एडभेन्चर, आठ के एक्सपिडेसन, इमेल नेपाल, सेभेन समिट, १४ पिक्स एक्सपिडेसन, मकालु एडभेन्चर र बोचीबोची पिक्समार्फत विश्वका विभिन्न देशबाट आएका आरोहीहरू आधार शिविरमा पुगेर तयारी थालेका छन्। भारतीय पर्वतारोहीलाई आरोहण गराउन आधार शिविर पुगेका सेभेन समिटका पेम्बा शेर्पाले २० दिनभित्र अन्नपूर्ण आरोहण सकेर सगरमाथा जाने योजना रहेको बताउनुभयो। "शेर्पाहरूले आधार शिविरबाट हिमालको चुचुरोतर्फ जाने बाटो बनाउन थालेका छन्। केहीदिन आधार शिविरमा विश्राम र तयारी गरेपछि आरोहीहरू हिमाल चढ्न जानेछन्", उहाँले भन्नुभयो।

विश्वको दशौँ अग्लो अन्नपूर्ण हिमाल आरोहणका लागि वसन्तयाम उपयुक्त मानिन्छ। अन्नपूर्णको अहिलेसम्म चार सय ८८ जनाले सफल आरोहण गरेका पर्यटन विभागले जनाएको छ। सन् १९५० मा फ्रान्सका मौरिस हर्गोजले अन्नपूर्ण पहिलो पटक आरोहण गर्नुभएको थियो। मौरिसले अन्नपूर्ण चढेको तीन वर्षपछि सन् १९५३ मा सरएडमण्ड हिलारी र तेन्जिननोर्गे शेर्पाले सर्वोच्च शिखर सगरमाथा आरोहण गर्नुभएको थियो। आठ हजार मिटरभन्दा अग्लो सबैभन्दा पहिलो पटक मानव पाइला परेका कारण अन्नपूर्णलाई 'जेठो' हिमाल पनि भन्ने गरिन्छ। प्रथम आरोही मौरिस हर्जोगले आरोहणका क्रममा प्रयोग गरेको बाटोलाई पहिचान गरेर नारच्याङ-आधार शिविर जोड्ने मौरिस हर्जोग पदमार्ग तयार गरिएको अन्नपूर्ण गाउँपालिका कार्यालयले जनाएको छ। नारच्याङका अगुवा तेज गुरुङको अगुवाइमा विसं २०६७ मा पहिचान भएको यो पदमार्गमा आधारभूत पूर्वाधार तयार भएपछि आन्तरिक तथा बाह्य पर्यटकको रोजाइमा परेको उहाँले उल्लेख गर्नुभयो। पदमार्गलाई व्यवस्थित बनाएपछि यसपाली मजदुरहरूले सामान बोकेर आधार शिविरमा पुऱ्याएका अभियन्ता गुरुङले बताउनुभयो।

"गत वर्षसम्म सामान र पर्यटक दुवै हेलिकप्टरबाट आधार शिविर जाने गर्दथे", उहाँले भन्नुभयो, "यसपाली पर्यटक हेलिकप्टरमा गएपनि सामान भरियाले बोकेर लगेका छन्।" पदमार्गको प्रयोगसँगै आरोहीहरूको खर्च घट्नुका साथै भरियाहरूका लागि रोजगारीको अवसर सिर्जना भएको उहाँको भनाइ छ। पदमार्ग र आधार शिविर क्षेत्रमा अस्थायी संरचना 'टेन्ट'को आश्रय स्थल निर्माण गरी खाना र खाजा खुवाउने व्यवस्था मिलाएपछि पर्यटकहरूलाई सहज भएको गुरुङले बताउनुभयो। यसअघि होटल तथा लजको सुविधा नभएको मौरिस हर्जोग पदमार्ग र अन्नपूर्ण आरोहण शिविरमा जानेहरूले खाना, खाजाका परिकार, भाँडाकुँडा, ग्यास, लत्ताकपडालगायत सामग्री आफैँले जोहो गर्नुपर्ने समस्या थियो। फुटफुते झरनामा चिया पसल, साधीखर्क, गुफाँफाँट, भुसकेट र अन्नपूर्ण आधार शिविरको पञ्चकुण्डताल परिसरमा अस्थायी शिविर सञ्चालन गरेपछि पर्यटकलाई खान, बस्न सहज भएको अभियन्ता गुरुङले बताउनुभयो। उहाँका अनुसार बन्दोबस्तीका सामानको

बाँकी अन्तिम पृष्ठमा ▶▶

### सहकारीका विश्वव्यापी सिद्धान्त

- स्वेच्छिक तथा खुला सदस्यता,
- सदस्यहरूद्धारा लोकतान्त्रिक नियन्त्रण,
- सदस्यहरूको आर्थिक सहभागिता,
- स्वायत्तता र स्वतन्त्रता,
- सहकारी शिक्षा, तालिम र सूचना,
- सहकारी-सहकारीबीच पारस्परिक सहयोग,
- समुदायप्रतिको चासो।

सहकारी सिद्धान्तको पालना गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

सुपथ मूल्यमा आकर्षक छपाइ

पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर, पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस्।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# पोखरा स्पोर्ट्स अवार्डलाई सफल बनाउने खेल संघहरुको प्रतिवद्धता

पोखरापत्र संवाददाता
पोखरा, १९ चैत

नेपाल खेलकुद पत्रकार मञ्च गण्डकी खेल संघ तथा क्लबसँग छलफल कार्यक्रम सम्पन्न गरेको छ । आगामी बैशाखमा हुने नवौं संस्करणको पोखरा स्पोटर्स् अवार्ड लक्षित गर्दै अन्तरक्रिया कार्यक्रम सम्पन्न गरेको हो । अन्तरक्रिया कार्यक्रममा विभिन्न खेल संघका पदाधिकारीले अवार्ड सम्पन्न गराउन प्रतिबद्धता जनाउँदै छनोट गर्दा विशेष ध्यान दिन समेत सुझाव दिए ।

सहारा क्लब पोखराका अध्यक्ष केशवराज बरालले अवार्डका लागि आफुहरुको तर्फबाट आर्थिक नैतिक र भौतिक सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरे । उनले स्पोट्र्स अवार्ड विशुद्ध गण्डकी प्रदेशको खेलकुदको प्रतिष्ठासँग जोडिएको सुनाउँदै यसलाई सफल बनाउनु सबै खेलकर्मीको दायित्व रहेको उनको भनाइ छ । मोफसलमा रहेको खेलकुद संघ र संस्थाको सान र मानमा खेलकुद पत्रकार मञ्चले काम गर्दै आइरहेको सुनाउँदै उनले प्रदेशका सम्पूर्ण खेल संघहरुलाई आह्वान समेत गरे । गण्डकी प्रदेश सुटिङ एशोसियसनका महासचिव पुरण कुँवरले प्रदेशका ११ वटै जिल्लाका खेलाडीलाई समेट्ने गरी आफ्नो संस्थाले खेलकुद पत्रकार मञ्च संग सहकार्य गर्ने प्रतिवद्धता जनाए । जिल्ला हक्की संघ कास्कीका अध्यक्ष दीपक थापाले संघ संस्थाले नाममात्र पठाएको आधारमा भन्दापनि खेलको आधारमा खेलाडी छनौट गर्न सकेको खण्डमा राम्रो हुने सुनाउँदै विभागीयलाई मात्र



समेटेको खण्डमा खेलाडीहरु उत्पादनमा गाह्रो पर्ने उनको भनाइ रहेको थियो । खेलाडी उत्पादनलाई समेत पत्रकारिता मार्फत जोड दिन आवश्यक रहेको उनले सुनाउँदै कार्यक्रमलाई सहयोग गर्ने प्रतिवद्धता जनाए ।

लङ टेनिस कास्की अध्यक्ष राजु गुरुङले स्पोर्टस अवार्डले खेलाडीहरुलाई प्रोत्साहन गर्ने काम गरेको बताउदै कास्की पोखरा बाहिरकोलाई समेत स्पोर्टस अवार्डमा सामेल गराउनुपर्ने सुझाव दिए । संघहरुले खेलकुद सामाग्री दिन नसकेकै कारण पनि खेलाडीहरु विभागीयमा सहभागी हुने गरेको उनको भनाइ थियो । जुडो संघका निरज पन्तले स्पोर्टस् अवार्डको सन्दर्भमा खेलकुद पत्रकारले जुडो संघ संग सहकार्य गरेकोमा धन्यवाद व्यक्त गरे । दुरदराजमा रहेका खेलाडीहरुको खेललाई समेत सञ्चार माध्यामहरुले प्राथमिकता दिन आवश्यक रहेको बताए । फेन्सिङ संघका केन्द्रिय उपाध्यक्ष विजय शाहीले प्रदेश स्तरको खेल संघ संस्थाहरु संग सहकार्य गरी अगाडी बढेकोमा आफुहरु खुसी भएको बताए । त्यस्तै एथलेटिक्स संघ कास्कका अध्यक्ष गज बहादुर गुरुङले स्पोर्टस अवार्डमा खेलाडीहरु छनौट गर्दा खेलको क्याटेगोरी अनुसार खेलाडीहरु छनौट गर्नुपर्नेमा जोड दिए । तेक्वान्दो संघ कास्कीका अध्यक्ष कुलचन्द्र शर्माले ११ वटै जिल्लाका खेलकुद संघहरु संग सहकार्य गर्न सके स्पोर्टस अवार्ड भब्य र सभ्य बन्ने बताए । खेलाडीहरुको छनौट क्याटेगोरी अनुसार गर्नुपर्ने बताउदै आफ्नो संघको तर्फबाट समेत सहयोग रहने बताए । कास्की जिल्ला गल्फ संघका अध्यक्ष जिवराम गुरुङले अवार्डमा गल्फका खेलाडीहरुलाई समेत समेट्न सकेको खण्डमा राम्रो हुने बताए । सहभागीता जनाउन आफुहरु तत्पर रहेको र अहिले सम्म समेट्ने कोसिस नभएको उनको भनाइ रहेको थियो । नयाँ खेलाडी उत्पादनका लागि प्रदेश र जिल्लाको समन्वयमा नयाँ एकेडेमी बनाएर नयाँ खेलाडी उत्पादनमा आफुहरु लागि रहेको उनको भनाइ रहेको थियो ।

कास्की जिल्ला खेलकुद विकास समितिका कार्यालय प्रमुख सुन बहादुर लामाले जिल्ला खेलकुद विकास समितिको भरखरै नयाँ समिति चयन भएको र उनीहरुले कस्तो भूमिका खेल्छ भन्ने विषय हेर्न बाकी रहेको र आफुले नयाँ कार्यसमितिमा समेत कुरा राख्ने उनले सुनाए । व्यक्तिगत सहयोग गर्न तयार रहेको उनले बताए । मञ्चका निवर्तमान अध्यक्ष दीननाथ बरालले अवार्डको महत्व बढ्दै गएको र यसको गरिमा अझ बढाउनका लागि प्रत्यक्ष र अप्रत्यक्ष रुपमा खेल संघ संस्थाकै भूमिका हुने उनले बताए । उनले कार्यक्रम समग्र खेलाडी र खेलप्रेमीकै रहेको सुनाउँदै सफल पार्नका लागि आर्थिक नैतिक र भौतिक रुपमा सहयोग गर्न समेत आग्रह गरे । खेल संघबाट असन्तुष्टि व्यक्त गरेको समेत भेटिदै आएको सुनाउँदै उत्कृष्ट गर्दै जानेलाई प्रसय दिदैं आइरहेको उनले बताए । कार्यक्रममा मञ्चका पूर्व अध्यक्ष एकराज गिरीले अगाडीको स्पोर्टस् अवार्डको अनुभव सुनाउँदै अउँदो स्पोर्टस् अवार्डलाई सबैले साथ दिन आग्रह गरे । त्यस्तै मञ्चका सल्लाहकार सुरज श्रेष्ठले खेल सम्वद्ध संघसस्थाहरुको सुझावलाई मनन् गरेर आगामी अवार्डलाई भव्य बनाईने बताए ।

त्यस्तै मञ्चका अध्यक्ष एमबी आस्था मगरले अहिलेसम्मको मञ्च र खेल सम्वद्ध संस्थाहरुको साथ सहयोगले नै स्पोर्टस् अवार्ड भव्यरुपमा सम्पन्न गर्न सकिने बताए । समग्र खेल क्षेत्र र खेलाडीको प्रोत्साहनका लागि गरिने अवार्डलाई सबैको साथ सहयोगको अपेक्षा उनले राखे । जिल्ला खेलकुद विकास समिति कास्कीको हलमा भएको कार्यक्रमको सञ्चालन मञ्चका सचिव राजु गिरीले गरेका थिए ।

# फेवा महोत्सवलाई आमा समूह र संघसंस्थाको साथ

पोखरापत्र संवाददाता
पोखरा, १९ चैत

होटल संघ पोखरा नेपालले यही चैत ३० गतेदेखि आगामी बैशाख १ गतेसम्म पोखरामा आयोजना गर्न लागेको २० औं फेवा नव बर्ष महोत्सव २०८२ लाई पर्यटनसँग सम्वन्धित विभिन्न संघसंस्था र आमा समूहहरुले सघाउने प्रतिवद्धता जनाएका छन् ।

उल्लेखित संस्थाका अध्यक्ष तथा पदाधिकारीसँग संघले सोमबार र मंगलबार दुई अन्तरक्रिया तथा छलफल कार्यक्रम राखी महोत्सव सफल बनाउन सल्लाह र सुझाव मागेको थियो । छलफल कार्यक्रममा संघसंस्था र आमा समूहका पदाधिकारीले फेवा महोत्सव आफ्नै घरगाउँको महोत्सव भएको र यसले नेपाली कला र संस्कृतिको जगेर्नामा सघाउने भन्दै एक भएर सहयोग गर्ने भनाई राखेका थिए । संघका अध्यक्ष एवं महोत्सवका संयोजक लक्ष्मण सुवेदीले फेवा महोत्सवको तयारी द्रुत गतिमा अगाडि बढ्दै गरेको जानकारी गराए । विगतका कमिकम्जोरी सच्याउँदै सबैको सल्लाह र सुझाव अनुसार महोत्सव संचालन गरी भव्य रुपमा सम्पन्न गरिने अध्यक्ष सुवेदीले बताए । उनले हरेक वर्ष फेवा नव वर्ष महोत्सव परिस्कृति रुपमा संचालन गर्दै आइएको स्मरण गराउँदै यसपटक पनि महोत्सव भव्य हुने भनाई राखे । नेपाल पर्यटन बोर्ड गण्डकीका प्रमुख मणिराज लामिछानेले महोत्सवलाई सफल पार्न बोर्डले लामो समयदेखि सघाउँदै आएको स्मरण गराउँदै यसपटक पनि



संस्थाको तर्फबाट सक्दो सहयोग गरिने भनाई राखे । बोर्डको मुख्य जिम्मेवारी पर्यटन प्रवर्द्धन भएको भन्दै उनले निजी क्षेत्रको सल्लाह र सुझाव अनुसार नै बोर्ड अगाडि बढ्ने बताए ।

होटल संघ नेपालका केन्द्रिय सदस्य एवं होटल संघ पोखरा नेपाल सल्लाहकार परिषद्का संयोजक भरतराज पराजुलीले फेवा नव वर्ष महोत्सव नेपाली कला र संस्कृतिको जगेर्ना गर्ने उद्धेश्यले आयोजना गरिएको स्मरण गराउँदै यसको सफलताका लागि सबैले सकारात्मक सहयोगको खाँचो औंल्याए । आयोजक संघका प्रथम उपाध्यक्ष एवं महोत्सवका सहसंयोजक दीपक श्रेष्ठले पनि कार्यक्रममा आफ्नो भनाई राखेका थिए । महिला सञ्जाल वडा नम्बर ६ का अध्यक्ष ववािता मल्लले महोत्सवको उद्घाटनका अवसरमा आयोजना हुने झाँकी तथा र्‍यालीमा सहभागी हुने महिलाका सुझाव र गुनासो सुनेर अगाडि बढ्न संघलाई सुझाव दिइन् । संघका द्वितीय उपाध्यक्ष एवं महोत्सवका सहसंयोजक गणेशराज पहारीले केही चुनौति मोलेर भए पनि संघ महोत्सवलाई सफल पार्न लागि परेको जानकारी गराए । सोमबारको कार्यक्रममा पोखरा पर्यटन परिषद् अन्तर्गतका विभिन्न संघसंस्थाका अध्यक्षहरुले महोत्सव सफल पार्न आफ्नो तर्फबाट सक्दो सहयोग रहने वचनवद्धता प्रकट गरेका थिए । महोत्सवमा अवसरमा संघ अन्तर्गतका सदस्य होटलमा रात बिताउने पाहुनालाई प्रकाशित दररेटमा २० प्रतिशत छुट प्रदान गरिने घोषणा यसअघि नै गरिसकिएको छ । संघले महोत्सवकै प्रचारका लागि हालै पूर्वी नेपालमा जाउँ है पोखरा अभियान सम्पन्न गरेको थियो ।

स्थानीय ड्यामसाइडदेखि खहरेसम्म सडकमा नै संचालन हुने महोत्सवमा निःशुल्क प्रवेशको व्यवस्था गरिएको छ । नेपाली संस्कृतिको संरक्षण र परम्परागत नेपाली खानाको प्रवर्द्धन गर्ने मुख्य उद्देश्य सहित पर्यटन, संस्कृति र खाना भन्ने नारासहित यो महोत्सव हुन लागेको हो । लेकसाइड स्थित अम्मटमा महोत्सवको उद्घाटन कार्यक्रम हुने छ । महोत्सवलाई पोखरा महानगरपालिका, होटल संघ नेपाल, गण्डकी प्रदेश सरकार र नेपाल पर्यटन बोर्डले सघाउने छन् । छलफल तथा अन्तरक्रिया कार्यक्रमको संचालन संघका महासचिव राजेन्द्र ढकालले गरेरका थिए ।

# गण्डकी प्रदेशसभामा घरेलु मदिरा वैध गर्नेबारे छलफल

पोखरापत्र संवाददाता
पोखरा, १९ चैत

लुकीछिपी उत्पादन र बिक्री वितरण भइरहेको घरेलु मदिरालाई नियमन तथा व्यवस्थापन गर्न बनेको विधेयक गण्डकी प्रदेशसभामा छलफलका क्रममा छ । सोमबारको प्रदेशसभा बैठकमा सामान्य सैद्धान्तिक छलफल भएको उक्त विधेयकमा प्रदेशसभा सदस्यहरूले ७२ घण्टाभित्र संशोधन प्रस्ताव राख्न सक्नेछन् ।

विधेयक दफाबार छलफलका लागि सम्बन्धित समितिमा पठाइने उद्योग तथा पर्यटनमन्त्री मित्रलाल बस्यालले जानकारी दिनुभयो । "विज्ञहरूसहित सरोकार भएका पक्षहरूबीच विधयकमाथि दफाबार छलफल हुन्छ, त्यसपछि प्रदेशसभाबाट विधेयक पारित गर्ने प्रक्रिया अगाडि बढ्छ", उहाँले भन्नुभयो । प्रदेश सरकारले सोसम्बन्धी विधेयकलाई यही चैत १४ गते प्रदेशसभामा प्रस्तुत गरेको थियो । सोमबार प्रदेशसभा बैठकमा भएको सैद्धान्तिक छलफलमा १० प्रदेशसभा सदस्यले उक्त विधेयकमाथि आफ्ना धारणा राखेका थिए । प्रदेशसभा सदस्य रेशमबहादुर जुग्जालीले घरेलु मदिरालाई कानुनी दायरामा ल्याउँदा स्थानीय अर्थतन्त्रमा ठूलो टेवा पुग्ने बताउनुभयो । उहाँले मदिराको व्यावसायिक उत्पादनसँगै संस्कार र संस्कृतिलाई पनि ध्यान दिन जरुरी रहेको बताउनुभयो ।

प्रदेशसभा सदस्य रेखा गुरुङले विधेयकले घरेलु मदिराको गुणस्तरहीन र गैरकानुनी उत्पादनलाई निरूत्साहित गर्ने बताउनुभयो । घरेलुमदिरामाविषाक्त पदार्थको मिसावटले स्वास्थ्य जोखिम बढेको भन्दै त्यसलाई नियमन गर्नुपर्ने उहाँको भनाइ छ । स्थानीय उत्पादनलाई व्यावसायिक अवसर सृजना गर्दै घरेलु मदिराको अवैध उत्पादन नियन्त्रण गर्न र कर प्रणालीमार्फत प्रदेशको राजस्व विस्तार गर्न सहयोग पुग्ने उहाँले बताउनुभयो ।

उद्योग तथा पर्यटनमन्त्री बस्यालले घरेलु मदिराको 'ब्रान्डिङ'का लागि कानुनी प्रबन्ध गर्न लागिएको बताउनुभयो । आर्थिक मामिला मन्त्रालय र मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयबाट सैद्धान्तिक सहमतिपछि विधेयकको मस्यौदा तयार पारिएको उहाँको भनाइ छ ।

मापदण्ड र गुणस्तर तय गरेर घरेलु मदिराको व्यावसायिक उत्पादनलाई खुला गर्न लागिएको हो । सङ्घीय कानुनसँग नबाझिने गरी विधेयकलाई पूर्णता दिइने मन्त्री बस्यालले बताउनुभयो । परम्परागत रूपमा घरघरमा बनाइँदै आएको मदिरालाई एकसाथ वैध घोषणा गर्दा गुणस्तर सुनिश्चितताको समस्या आउन सक्ने हुँदा व्यावसायिक उत्पादनलाई मात्र कानुनी दायरामा ल्याइने उहाँको भनाइ छ । प्रदेश सरकारले घरेलु मदिराको 'ब्राण्डिङ' र बजारीकरणलाई आफ्नो वार्षिक नीति तथा कार्यक्रममा पनि समेट्दै आएको छ । मुख्यमन्त्रीलगायत विभागीय मन्त्रीले पटकपटक घरेलु मदिरालाई 'ब्राण्डिङ' गरेर कानुनी मान्यता दिने बताउँदै आउनुभएको छ । पछिल्लो समय प्रदेश र स्थानीय तहले घरेलु मदिरालाई वैधानिकता दिनुपर्ने आवाज उठाउँदै आएका छन् । सर्वोच्च अदालतले केही वर्षअघि संस्कारजन्य कार्यका लागि एक परिवारले वर्षमा ३० लिटरसम्म उत्पादन गर्न पाउने फैसला गरे पनि व्यावसायिक उत्पादन र बिक्रीका लागि घरेलु मदिरा वर्जित छ । मदिरा ऐन, २०३१ ले पनि घरेलु मदिरालाई वैधानिक मान्यता दिएको छैन ।

सोही ऐनमा टेकेर प्रहरीले बेलाबेला घरेलु मदिरा नष्ट गर्ने अभियान नै चलाउँछ । जनजाति समुदायको संस्कृतिसँग गाँसिएको र कतिपयको आयआर्जनको माध्यम बनेको घरेलु मदिरा जफत गरेको भन्दै प्रहरीकै आलोचना हुने गर्छ । वैज्ञानिक विधिबाट गुणस्तरीय घरेलु मदिरा उत्पादन र बजारीकरण गर्न सके राज्यलाई आर्थिकलाभ मिल्ने देखिन्छ ।

केही समयअघि गण्डकी विश्वविद्यालयले गरेको घरेलु मदिरा बनाउन प्रयोग हुने मर्चाको गुणस्तर निर्धारण अनुसन्धान सफल भएको थियो । प्रदेशका ११ वटै जिल्लाबाट रक्सी बनाउने विधिको अध्ययनसहित मर्चा सङ्कलन गरेर रासायनिक विश्लेषण गरिएको थियो । मर्चाको मापदण्ड र गुणस्तर कायम गरेर घरेलु मदिरालाई सुरक्षित बनाउन सकिने आधार अनुसन्धानबाट देखिएपछि प्रदेश सरकारले घरेलु मदिरालाई वैध बनाउन लागेको हो ।

विधेयकमा घरेलु मदिरा उत्पादन गर्न प्रदेश सरकारबाट इजाजतपत्र लिनुपर्ने व्यवस्था छ । व्यक्ति, फर्म वा कम्पनीले उद्योग दर्ता नगराई घरेलु मदिराको उत्पादन, सङ्कलन, प्रशोधन, प्याकेजिङ, लेबलिङ तथा बिक्री वितरण गर्न नपाउने व्यवस्था गरिएको छ । धर्म, परम्परा, घरायसी प्रयोजन तथा निजी उपयोगका लागि वार्षिक ५० लिटरसम्म उत्पादन गर्न इजाजतपत्र लिनु नपर्ने व्यवस्था विधेयकमा रहेको मन्त्री बस्यालले जानकारी दिनुभयो । उद्योग दर्ता गराउन स्थानीय तहको सहमति, स्थान, आवश्यक पर्ने भाँडा, उपकरण, अन्न तथा फलफूलजस्ता कच्चा पदार्थको आपूर्ति गर्ने क्षेत्र उल्लेख गर्नुपर्ने विधेयकको मस्यौदामा उल्लेख छ । घरेलु मदिरालाई गण्डकी प्रदेशभित्रका कृषि सहकारीले समेत दर्ता गर्न सक्नेछन् । यस्तो मदिरामा अन्य मिसावट गर्न नपाइने स्पष्ट व्यवस्था विधेयकले गरेको छ । कोदो , फापर, उवा, जौं, गहुँ, मकै, स्याउ, सुन्तला, खुर्पानी, मौवा, अम्बा, लिची, ऐंसेलु, चुत्रो, डिम्बर जस्ता अन्न र फलफूलबाट मदिरा बनाउन सक्ने व्यवस्था विधेयकमा छ । "तोकिएको मापदण्ड र गुणस्तर कायम गरेर घरेलु मदिराको व्यावसायिक उत्पादन तथा बिक्रीका लागि ऐन ल्याउन लागिएको हो", मन्त्री बस्यालले भन्नुभयो, "प्रदेशसभा र सम्बन्धित समितिमा दफाबार छलफल गरी आवश्यक संशोधनसहित विधेयक पारित हुन्छ", उहाँले भन्नुभयो, "लामो समयदेखि बहसमा रहेको घरेलु मदिरा छिट्टै कानुनी दायरामा आउँदैछ ।"

## अन्नपूर्ण ...

भारी बोकेर यात्रा गर्नुपर्ने बाध्यता हट्नुका साथै स्थानीयस्तरमा रोजगारी र आयआर्जनको अवसर सिर्जना भएको छ । ती अस्थायी शिविरमा दैनिक ५० जनासम्म पर्यटक बास बस्न सक्छन् । अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एक्याप)मा पर्ने उक्त क्षेत्रमा स्थायी संरचना बनाउन नमिल्ने कानुनी व्यवस्था भएकाले पर्यटकीय याममा सञ्चालन गर्न मिल्ने गरी क्षेत्र तोकेर शिविर बनाउन अनुमति दिइएको एकयापले जनाएको छ ।

आधार शिविरबाट सोमबार फर्किएका म्याग्दीका सञ्चारकर्मी गणेश गुरुङले अस्थायी शिविर र रेष्टुरेन्टको सुविधाले सहज भएपनि स्वभाविक शल्क निर्धारण र एकरुपता कायम गर्नुपर्नेमा जोड दिनुभयो । मिस्त्रीखोलाको किनारैकिनार, अग्ला झरना, मनमोहक हिमशृङ्खला, अनौठो भूगोल, पहाड, दुर्लभ वनस्पति, वन्यजन्तुको अवलोकन गर्दै समुन्द्री सतहबाट चार हजार १०० मिटर उचाइमा रहेको अन्नपूर्ण आधार शिविरमा पुग्न सकिन्छ । नारच्याङबाट दुई घण्टा सवारीसाधनमार्फत यात्रा गरेपछि पुगिने हुमखोलाबाट दुई दिनमा आधार शिविर पुग्न र तेस्रो दिन फर्कन सकिन्छ ।

छोटो यात्रामा पुग्न सकिने भएकाले अन्नपूर्ण आधार शिविर पर्यटकको रोजाइमा परेको स्थानीय बताउँछन् । शान्त र एकान्त वातावरण, वन्यजन्तु, पशुपन्छी, जङ्गल, अग्ला पहाडको खोँच, फुटफुटे झरना, अन्नपूर्ण हिमालको फेदीमा रहेको निलो रङ्गको पञ्चकुण्डताल आधार शिविरका आकर्षण हुन् ।

## गण्डकी ...

किशान र कोषाध्यक्षमा नरेश पुन नियुक्त हुनु भएको हो । नवलपुर-निर्णय हुन बाँकी रहेको । नवलपुरको कोषाध्यक्ष कोषराज कार्कीलाई गत साउन १० गतेको निर्णयले ४ बर्षको लागि नियुक्त गरेको थियो ।

कार्यक्रममा बोल्दै मन्त्री थापाले सफल कार्यकालको शुभकामना व्यक्त गर्दै आसन्न दशौं राष्ट्रिय खेलकुद प्रतियोगिताका लागि तयारी अवस्थामा रहन आग्रह गर्दै पालिका हुँदै जिल्ला छनोटको कार्य जिल्ला खेलकुदको नेतृत्वमा रहेकोले उत्कृष्ट खेलाडी छनौट गर्न निर्देशन दिनु भयो । उहाँले दशौं राष्ट्रिय खेलकुदका लागि ३ करोड ३० लाख रकम विनियोजन गरिएको बताउँदै प्रदेश सरकार खेलाडीहरुको हितका लागि गम्भिर रहेको बताउनु भयो । कार्यक्रममा प्रदेश खेलकुद परिषदका उपाध्यक्ष धोज कुमार गुरूङले खेलकुद विकासको अभिभारा जिल्ला समितिमा निहित रहेको बताउँदै समितिका पदाधिकारीहरुले आफ्नो जिम्मेवार बहन गर्न आग्रह गर्नुभयो ।

सो अवसरमा परिषदका महाशाखा प्रमुख राम प्रसाद आचार्यले मनोनयन भएका पदाधिकारीहरुलाई अभिमुखिकरण समेत गर्नु भएको थियो ।




फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा ।

**सुक्तिसुधा**

एक क्षणको पाप कैयौं वर्षको कष्ट बन्छ ।
– कालीदास

## सम्पादकीय

# अपेक्षित कानुन बन्न नसकेको अधिवेशन !

संघीय संसदको पाँचौ अधिवेशनले केही महत्वपूर्ण विधेयक पारित नगरी अन्त्य भएको छ । प्रतिनिधि सभामा विपक्षीको अवरोध खेपेको सरकारले पछिल्ला दिनमा राष्ट्रिय सभामा पनि विपक्षीले अवरोध गर्दा बैठक स्थगित गर्नुपर्ने अवस्था आयो । संसद छलेर अध्यादेश ल्याएको भन्दै विरोधको सामना गरेको सरकारले अध्यादेशलाई प्रतिस्थापन विधेयक पारित गरेर अन्त्य भएको छ । अध्यादेशलाई प्रतिष्ठाको विषय बनाएको सरकारले अध्यादेश संसद बैठकमा पेस गरेको ६० दिन भित्री प्रतिस्थापन विधेयक ल्याएर दुवै सदनबाट पारित गराउन सक्यो।सरकारले प्रतिष्ठाको विषय बनाउन सक्यो भने अन्य विधेयक पनि पारित हुन सक्छ भन्ने सन्देश दिएको छ । सदनलाई क्यालेन्डर बनाएर चलाउने सभामुख देवराज घिमिरेको योजना पनि कार्यान्वयनमा आउन सकेन ।

सदनमा सत्ता पक्ष र विपक्षी पनि उत्तिकै जिम्मेवार नबनाउने हो भने सदनले विधेयक पारित गर्न केही वर्ष लाग्ने समस्याको हल हुँदैन । सरकार बनाउन बहुमत पुगेपनि सदन चलाउन विपक्षीलाई साथ लिन नसके कानुन बन्न समय लाग्ने गर्छ । संसदीय प्रणालीको मान्यता अनुसार चल्न संसदमा रहेका दलहरुको व्यवहार पनि त्यसै अनुसारको हुनुपर्छ । संसदलाई कानुन बनाउने थलो बनाउन संसदमा रहेका दलहरु गम्भीर हुनुपर्छ । बहुमतको दम्भ र अल्पमतको कुण्ठा पोख्ने ठाउँ संसदलाई बनाउनु हुँदैन ।पाँचौं अधिवेशनको प्रारम्भ देखि विपक्षीको कुण्ठा, आक्रोश र अधैर्यले गर्दा पनि अपेक्षित सफलता हासिल हुन सकेन । माघ १८ गते शुक्रबारदेखि प्रारम्भ भएर चैत १९ गते मंगलबारसम्म जम्मा ६१ दिन चालु रहेको थियो । जसमध्ये २५ दिनमा २७ पटक बैठक बसेर ११८ घण्टा २१ मिनेट संसदीय काम कारबाही भएको सभामुख देवराज घिमिरेको सचिवालयले जनाएको छ । हिउँदे अधिवेशनमा प्रतिनिधिसभामा १२ वटा सरकारी र एउटा गैरसरकारी विधेयक दर्ता भएको थियो । जसमध्ये ५ वटा विधेयक संघीय संसद् को दुवै सभाबाट पारित भएका छन् । संसद् सचिवालयका अनुसार चार वटा विधेयक समितिमा विचाराधीन रहेका छन् भने तीन वटा विधेयक सदनमा प्रस्तुतमात्र भएका छन् । 'जाति, रंग, क्षेत्र, भेषभूषा, राष्ट्रियता वा उत्पत्तिमा आधारित भेदभाव (कसूर र सजाय)' सम्बन्धी गैर सरकारी विधेयक दर्ताको अवस्थामा रहेको सचिवालयले जनाएको छ ।

प्रतिनिधिसभाको पहिलो, दोस्रो, तेस्रो र चौथो अधिवेशनमार्फत् प्राप्त सरकारी र गैसरकारीतर्फका १३ वटा विधेयकमध्ये 'संवैधानिक परिषद् (काम, कर्तव्य र कार्यविधि) सम्बन्धी (पहिलो संशोधन) विधेयक' सोमबार (चैत १८) सर्वसम्मत पारित भएको छ । यस्तै ' जलस्रोत विधेयक' सम्बन्धी समितिको प्रतिवेदन सभामा प्रस्तुत भएको र 'बैकिङ कसूर तथा सजाय (दोस्रो संशोधन) विधेयक' राष्ट्रियसभाबाट फिर्ता भएर प्रतिनिधिसभामा टेबुल भएको सचिवालयले जानकारी दिएको छ । सचिवालयका अनुसार आठवटा विधेयक सम्बन्धित समितिमा विचाराधीन अवस्थामा छन् । 'मानव शरीर जलन नियन्त्रण तथा सजाय विधेयक' दर्ताको स्थितिमा रहेको छ । 'आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व (पहिलो संशोधन) विधेयक, २०८१' लाई सरकारले माघ २७ गतेको बैठकको सहमतिमा फिर्ता लिएको थियो ।

चालु अधिवेशनमा राष्ट्रियसभामा उत्पत्ति भएका ४ वटा विधेयक प्रतिनिधिसभामा प्राप्त भए । जसमध्ये दुईवटा विधेयक सम्बन्धित समितिमा विचाराधीन छन् । 'नेपाल कानुन व्यवसायी परिषद् (पहिलो संशोधन) विधेयक'माथिको सैद्धान्तिक छलफल सकिँदा 'तिलगङ्गा नेत्र विश्वविद्यालय विधेयक' प्रतिनिधिसभामा प्रस्तुत भएको छ । पाँचौं अधिवेशनमा अघिल्ला अधिवेशनमा राष्ट्रियसभाबाट प्राप्त सातवटा विधेयकमध्ये चारवटा पारित गरी फिर्ता पठाइएको थियो । संसद् सचिवालयले 'सहिद दशरथ चन्द स्वास्थ्य विज्ञान विश्वविद्यालय विधेयक'सम्बन्धी समितिको प्रतिवेदन प्रतिनिधिसभामा पेश भएको जनाएको छ । 'अख्तियार दुरुपयोग अनुसन्धान आयोग (तेस्रो संशोधन) विधेयक' सम्बन्धित समितिमा विचाराधीन अवस्थामा छ । 'राष्ट्रिय मर्यादासम्बन्धी विधेयक' सभामा प्रस्तुतमात्र भएको अवस्थामा रहेको सचिवालयले जनाएको छ। संसद्को हिउँदे अधिवेशनलाई विधेयक अधिवेशन पनि भनिन्छ । माघ १८ गतेबाट सुरु यो अधिवेशनबाट पारित (दुवै सदनले) नौवटा विधेयक राष्ट्रपतिले फरक-फरक मितिमा प्रमाणीकरण गरिसकेका छन् । राष्ट्रपति पौडेलले चैत १८ मा संघीय संसद्का दुवै सदनबाट पारित भई पेस भएका पाँच अध्यादेशका प्रतिस्थापन विधेयक प्रमाणीकरण गरेका हुन् । दुवै सदनबाट पारित भएपछि शीतलनिवास पठाइएका पाँचै अध्यादेश राष्ट्रपतिले संविधानको धारा ११३ को उपधारा २ बमोजिम प्रमाणीकरण गरेका छन् ।

# तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : शारीरिक झमेला | तुला | : स्वास्थ्यमा सुधार |
| वृष | : मानसिक तनाब | वृश्चिक | : कार्यमा सफलता |
| मिथुन | : ब्यापारमा लाभ | धनु | : सहयोग मिल्नेछ |
| कर्कट | : शत्रुको भय | मकर | : अप्रत्यसित लाभ |
| सिंह | : झमेला बढ्ने | कुम्भ | : सत्कार मिल्नेछ |
| कन्या | : शुभ यात्रा | मीन | : आर्थिक समस्या |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्फनुहोस् ।

# सोह्र जिल्लाका कृषि प्राविधिक मुस्ताङमा

**पोखरापत्र संवाददाता**
मुस्ताङ, १९ चैत

घरपफोङ गाउँपालिका-२ मार्फास्थित शीतोष्ण बागवानी विकास केन्द्रले १६ जिल्लाका कृषि प्राविधिकलाई फलफूल तथा सागसब्जी खेतीसम्बन्धी तालिम दिइरहेको छ ।

सङ्घ, प्रदेश र स्थानीय तहका नायब प्राविधिक सहायक र प्राविधिक सहायकलाई लक्षित गरी केन्द्रले आइतबारदेखि तीनदिने 'गुणस्तरीय बिरुवा उत्पादन तथा नर्सरी व्यवस्थापन' विषयक सैद्धान्तिक तथा व्यावहारिक अभ्यास तालिम आयोजना गरिएको हो । शीतोष्ण बागवानी विकास केन्द्र मार्फाले मुस्ताङमा विभिन्न जिल्लाका कृषि प्राविधिक तथा किसानलाई यसप्रकारको तालिम अभ्यास बर्सेनि सञ्चालन गर्दै आएको छ । फलफूल तथा तरकारीका गुणस्तरीय बिरुवा तथा बीउ उत्पादन गर्न कृषि प्राविधिकलाई यसप्रकारको तालिम अभ्यास सञ्चालन हुने गरेको केन्द्रका कार्यालय प्रमुख पदमनाथ आत्रेयले जानकारी दिनुभयो । केन्द्रले शीतोष्ण फलफूल तथा तरकारीमा गरिने प्रसारणका विविध विधि तथा प्रविधि अवलोकन गराउनेलगायत तालिम प्रशिक्षण गराउने गरेको छ । गुणस्तरीय बिरुवा उत्पादनका लागि माउबोट तथा रुटस्टक बिरुवाको व्यवस्थापन तथा नर्सरी स्थापना र व्यवस्थापनलगातयत विषयमा कृषि प्राविधिकलाई व्यावहारिक रूपमा सिकाइने गरिएको प्रमुख आत्रेयले बताउनुभयो । तालिममा १६ जिल्लाका १८ कृषि प्राविधिकले सहभागिता जनाएका छन् । तालिममा पाल्पा र गुल्मीबाट दुई-दुई जनाको कृषि प्राविधिकको प्रतिनिधित्व छ। यसैगरी बाँके, काभ्रे, धनकुटा, मोरङ, झापा, पर्वत, मनाङ, ललितपुर, मुगु, पश्चिमनवलपरासी, चितवन, धादिङ, स्याङ्जा, सुनसरी र जाजरकोटबाट समान एक-एक कृषि प्राविधिकको सहभागिता रहेको प्रमुख आत्रेयले जानकारी दिनुभयो । तालिम केन्द्रका प्राविधिक सहायक लक्ष्मण बुढाले संयोजन गर्नुभएको छ ।तीनदिने 'गुणस्तरीय बिरुवा उत्पादन तथा नर्सरी व्यवस्थापन' विषयक सैद्धान्तिक तथा व्यावहारिक अभ्यास तालिममा सहभागी कृषि प्राविधिकलाई सैद्धान्तिकभन्दा बढी व्यावहारिक अभ्यासमा केन्द्रित गरी कार्यक्रम आयोजना गरिएको हो । उनीहरुलाई बढीभन्दा बढी मात्रामा सहज रूपमा सिकाउने गरी बगैँचा तथा नर्सरीमा नै लगेर फिल्ड तालिम भइरहेको प्रमुख आत्रेयले बताउनुभयो । केन्द्रले तालिमका लागि अनलाइनमार्फत दरखास्त आह्वान गरेको थियो ।

# कृषकबीच कृषिसम्बन्धी हाजिरीजवाफ

**पोखरापत्र संवाददाता**
पोखरा, १९ चैत

कृषकहरूको ज्ञान, सीप र क्षमता अभिवृद्धिका लागि पोखरा महानगरपालिका आर्थिक विकास महाशाखाले महानगर क्षेत्रका कृषि सञ्जालहरूको सहभागितामा कृषि हाजिरीजवाफ 'कृषि क्विज २०८१' प्रतियोगिता गरेको छ ।

कुल ३१ समूहको सहभागिता रहेको प्रतियोगितामा वडा कृषि सञ्जाल ३०, १३ र २९ क्रमशः पहिलो, दोस्रो र तेस्रो भएका छन् । विजयीलाई क्रमशः रु २० हजार, रु १५ हजार र रु १० हजारसहित प्रमाणपत्र प्रदान गरिएको थियो । प्रतियोगिताका सहभागी समूह सबैलाई हजारी, मालेपाटन-१ बोडी, काउनो तथा बास्ना आउने घिरौँलाको बीउ पनि वितरण गरिएको थियो । प्रतियोगीलाई कृषि, पशुपालन, अनुसन्धान प्रविधि, पोखरा महानगर तथा गण्डकी प्रदेशका समसामयिक विषय समेटिएका बहुउत्तर प्रश्न, चित्रको आधारमा बहुउत्तर प्रश्न र छिटोछिटो जवाफ दिनुपर्ने ठीक बेठीक प्रश्न सोधिएको थियो । विजयीलाई प्रमुख प्रशासकीय अधिकृत शिवराज चौलागाईं, वडा नं ९ का वडाध्यक्ष दिपेन्द्र मर्सानी लगायतले पुरस्कार तथा प्रमाणपत्र प्रदान गर्नुभएको थियो । यस अघि प्रतियोगिताको उद्घाटन गर्दै महानगरपालिकाका प्रमुख धनराज आचार्यले महानगरपालिकाले कृषि क्षेत्रको विकासका लागि विभिन्न नविनतम कार्य गर्दै आएको बताउनुभयो । गत वर्ष कौशी क्वीन कार्यक्रम सञ्चालन भएको र त्यसले कौशी खेती प्रवर्द्धनमा सहयोग गरेको जनाउँदै उहाँले कृषि हाजिरीजवाफ प्रतियोगिताले कृषकको ज्ञान, सीप र क्षमता विकासमा महत्वपूर्ण भूमिका खेल्ने बताउनुभयो । महानगरले विभिन्न ३६ कृषि उपजको न्युनतम समर्थन मूल्य तोकेर स्थानीय उत्पादनको मुल्य र बजार सुनिश्चित गरेको उल्लेख गर्दै उहाँले दुध, मासु, तरकारी र फलफुल आत्मनिर्भर हुने गरी अगाडि बढिएको जानकारी गराउनुभयो । गण्डकी प्रदेशका कृषि सचिव वासुदेव रेग्मीले पोखरा महानगरले कृषिका क्षेत्रमा उदाहरणीय कार्यक्रम गरेको बताउँदै सबै तह मिलेर कृषिको क्षेत्र विकासमा अघि बढनुपर्नेमा जोड दिनुभयो । कार्यक्रम संयोजक एवम् महानगरपालिकाको आर्थिक विकास महाशाखाका प्रमुख मनहर कडरियाले कृषकहरुलाइ प्रविधि हस्तान्तरण, शसक्तिकरण, ज्ञान, सीप विस्तार तथा कृषकको समस्या समाधान गर्न पनि सहयोग पुग्ने उद्देश्यले कृषि हाजिरजवाफ प्रतियोगिता आयोजना गरिएको बताउनुभयो ।

# ट्र्याक्टर दुर्घटनामा एक किशोरको मृत्यु, चालक गम्भीर

**पोखरापत्र संवाददाता**
पर्वत, १९ चैत

पर्वतको जलजला गाउँपालिका वडा नं ५ लेखफाँटमा आज भएको ट्र्याक्टर दुर्घटनामा परी १५ वर्षीय एक किशोरको घटनास्थलमै ज्यान गएको छ ।

दुर्घटनामा परी जलजला गाउँपालिका-५ गिद्धेश्वरका १५ वर्षीय रोशन परियारको घटनास्थलमै मृत्यु भएको हो भने ट्र्याक्टर चालक सोही स्थानका २० वर्षीय अनिल रेग्मीको अवस्था गम्भीर रहेको छ । लेखफाँटको गिद्धेश्वरबाट गैरीगाउँतर्फ जाँदै गरेको ग११त २२६० नम्बरको खाली ट्र्याक्टर सडकदेखि एक सय मिटर तल भिरमा खसेर दुर्घटना भएको हो । घाइते रेग्मीलाई थप उपचारका लागि प्रदेश अस्पताल म्याग्दी पठाइएको जिल्ला प्रहरी कार्यालय पर्वतका प्रहरी निरीक्षक रामप्रसाद सापकोटाले जानकारी दिनुभयो । घटनाका बारेमा बारीबेनी प्रहरी चौकीबाट पुगेको प्रहरीको टोलीले अनुसन्धान गरिरहेको सापकोटाले बताउनुभयो । चालकले नियन्त्रण गुमाउँदा दुर्घटना भएको हुनसक्ने प्रहरीको अनुमान रहेको छ ।

# सहकारी दिवसको अवसरमा पामे बजार सरसफाई

**पोखरापत्र संवाददाता**
पोखरा, १९ चैत



६८ औं राष्ट्रिय सहकारी दिवस अवसरमा पामे बचत तथा ऋण सहकारीले पामे बजारमा सरसफाई कार्यक्रम गरेको छ । पोखरा २४ पामे बजारमा सहकारीका सदस्य सहित स्थानीय, प्रहरी, आमा समुह मिलेर सरसफाइ गरेका हुन् ।

सरसफाइ अभियानमा फेवा क्लब पामे, फेवा आमा समुह पामे, सिर्जनशिल आमा समुह पामे, प्रहरी चौकी पामे लगाएतको सक्रिय सहभागीता रहेको थियो । मर्यादीत सहकारी, समुन्नत समाज भन्ने मूल नाराका साथ ६८ औं राष्ट्रिय सहकारी दिवस बुधबार मनाउदै छन् । पामे बजार फेवातालका मुहान क्षेत्रका साथै पर्यटकी स्थल भएका कारण पनि सरसफाइमा ध्यान दिदै आफुहरुले सर सफाइ गरेका सहकारीका अध्यक्ष नवराज पराजुलीले जानकारी दिए । उनले सहकारीले सामाजीक क्षेत्रमा पनि बेला बेला विभिन्न काम गर्दै आएको बताए । पामे बजारमा रहेका विभिन्न प्लाष्टिक, बोतल लगाएतका फोहोरहरु भेटिएको सहकारीका व्यवस्थापक सुर्यमोहन पराजुलीले बताए । उनले पामे बजारलाई सधै सफा राख्नु पर्ने बताउदै बजारको फोहोर फेवातालमा जाने भएकाले पनि सफा राख्नु पर्ने बताए ।

सहकरीमा १ हजार १० जना शेयर सदस्य, अधिकृत पुँजी १५ करोड, चुक्ता पुँजी १० करोड १० लाख रहको छ । आर्थिक वर्ष २०८०।८१ मा १७ करोड ९ लाख ७८ हजार निक्षेप संकलन गरी २५ करोड ४ लाख १६ हजार कर्जा प्रवाह गरेको छ ।

# घुमाउने पुल निर्माण, १० वर्षमा ३० प्रतिशत मात्रै भौतिक प्रगति

**पोखरापत्र संवाददाता**
तनहुँ, १९ चैत

चितवन र तनहुँ जोड्ने घुमाउनेस्थित त्रिशूली नदीमाथि निर्माणाधीन मोटरेबल पुलको १० वर्षको अवधिमा ३० प्रतिशत मात्रै भौतिक प्रगति भएको छ ।

विसं २०७१ असारमा तीन वर्षभित्र सम्पन्न गर्नेगरी सम्झौता भएको पुलको फाउन्डेसनकै चरणमा छ । अहिलेसम्म दुईतिरको भागमा पिल्लर मात्रै ठडिएको छ । पुल निर्माण नहुँदा गण्डकी प्रदेशको राजधानी पोखरालाई तराईसँग पृथ्वीराजमार्गको विकल्पका रूपमा जोड्ने छोटो दूरीको मार्ग सञ्चालनमा ल्याउन पाइएको छैन । सडक डिभिजन कार्यालयको सम्झौताअनुसार काम नभए निर्माण कम्पनीलाई कालोसूचीमा राख्न पटक-पटक माग गर्दै आए पनि खुरूखुरू म्याद थप गर्दै काम भएको बुद्धसिंह मार्ग पुल निर्माण सङ्घर्ष समितिका अध्यक्ष सिद्धान्त थापाले बताउनुभयो ।

पुल निर्माणमा दबाब दिने उद्देश्यले गठित सङ्घर्ष समितिले उक्त घुमाउनेको पुलको निर्माणकार्य अघि बढाउन पटक-पटक माग गर्दै आएका छन् । त्रिशूली नदीमाथि निर्माण भइरहेको पुल दश वर्षसम्म पनि पूरा नहुनु र अन्य चार खोलामा पुल नहुँदा आवतजावतलाई समस्या भएकाले स्थानीय आन्दोलित हुनुपरेको अध्यक्ष थापाले बताउनुभयो । डिजाइन एन्ड बिल्डरका आधारमा ठेकेदार कम्पनीले नै तयार गरेको डिजाइनअनुसार पुल एक सय पाँच मिटर लम्बाइ र फुटपाथसहित ११ मिटर चौडाइ रहनेछ । आधुनिक 'आर्क' डिजाइनमा बन्ने पुलको लागत रू आठ करोड २६ लाख रहेको छ । दोहोरो लेनको पुलमा ७ दशमलव ५ मिटर गाडी गुड्ने भाग रहने डिजाइनमा उल्लेख छ । हेर्डौंडास्थित मृत सञ्जीवनी निर्माण कम्पनीसँग सम्झौता भएको सडक डिभिजन कार्यालय दमौलीका प्रमुख सिनियर डिभिजन इञ्जिनीयर राजीव श्रेष्ठले बताउनुभयो ।

"पुलको डिजाइन परिवर्तन गर्न लागिएकाले अहिले पुल निर्माणको काम रोकिएको छ", उहाँले भन्नुभयो, "अहिलेको डिजाइनबाट बाढीले क्षति हुने देखिएकाले राज्यको लगानी खेर नजाओस् भनेर परिवर्तन गर्न लागिएको हो ।" पूर्वमन्त्री तथा तनहुँ क्षेत्र नं २ का प्रतिनिधिसभा सदस्य शङ्कर भण्डारीले बुद्धसिंह मार्गमा पर्ने घुमाउनेको पुल निर्माण कार्यलाई गति दिन निर्देशन दिनुभएको छ । निर्माण व्यवसायीको चरम लापरबाहीले गर्दा ठेक्का सम्झौताको १० वर्ष पूरा हुँदा पनि पुल निर्माण अधुरो भएपछि भण्डारीले निर्देशन दिनुभएको हो । सांसद भण्डारीले पुल महाशाखाका प्रमुख सिनियर इञ्जिनीयर ललिजन खनाल र सडक डिभिजन कार्यालय दमौलीका प्रमुख राजीव श्रेष्ठलाई सोमबार फोन गरी काम तत्काल सुरू गर्न निर्देशन दिनुभएको हो ।

निर्धारित समयमा उत्कृष्ट रूपले सम्पन्न गर्न केही नीतिगत र कानुनी समस्या छन् भने त्यसको समाधानका लागि सरकारसमक्ष पुऱ्याएर समाधान गर्न आफू तयार रहेको सांसद भण्डारीले बताउनुभयो । सम्झौता भएको लामो समयसम्म पनि पुलले गति लिन नसक्दा यात्रुलाई सास्ती हुनुका साथै इन्धनमा हुने खर्च कटौती हुन सकेको छैन ।

# प्रधानमन्त्री ओली थाइल्यान्डमा

**रासस**
काठमाडौं, १९ चैत

प्रधानमन्त्री केपी शर्मा ओली थाइल्यान्डको औपचारिक भ्रमण र बहुक्षेत्रीय प्राविधिक तथा आर्थिक सहयोगका लागि बङ्गालको खाडीको प्रयास (बिमस्टेक)को छैटौँ शिखर सम्मेलनमा भाग लिने क्रममा सोमबारथाइल्यान्डको बैंकक आइपुग्नु भएको छ ।

प्रधानमन्त्री ओली आज साँझ स्थानीय समय अनुसार ६.१५ बजे बैंकक आइपुग्नुभएको हो । उहाँलाई सुवर्णभूमि अन्तरराष्ट्रिय विमानस्थलस्थलको विशिष्ट कक्षमा थाइल्यान्डका उपप्रधानमन्त्री एवं यातायातमन्त्री सुरिया जङ्गरुङरेङकिट, संस्कृति तथा खेलकुदमन्त्री सोरावोङ थेनथोङ र थाइल्यान्डका लागि नेपाली राजदूत धनबहादुर वली, नेपालका लागि थाइल्यान्डका राजदूत सावापोड सिरिसोर्नसहितले स्वागत गर्नुभयो ।

थाइल्यान्डका प्रधानमन्त्री पे थोङ थान् शिनावातको मैत्रीपूर्ण निमन्त्रणामा नेपालका प्रधानमन्त्रीबाट पहिलो पटक थाइल्यान्डको औपचारिक भ्रमण भएको हो । प्रधानमन्त्री ओलीको भ्रमण दलमा प्रथम महिला राधिका शाक्य, परराष्ट्रमन्त्री डा आरजु राणा देउवा, प्रधानमन्त्रीका मुख्य सल्लाहकार विष्णुप्रसाद रिमाल, आर्थिक-विकास सल्लाहकार डा युवराज खतिवडा, नेपाल सरकारका मुख्यसचिव एकनारायण अर्याल, परराष्ट्र मन्त्रालयका सचिव अमृतबहादुर राईलगायत हुनुहुन्छ ।

**मालपोत कार्यालय कास्की पोखराबाट प्रकाशित भएको हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना**

*सूचना प्रकाशित मिति २०८१/१२/१७*

कास्की जिल्ला मौजे पौदी ३/४ नं का जि.म. चक्रपाणीको खडानन्द पाध्या जिम्मा साविक १९९१ सालको पाखो तर्फको मोठ लगत उतार बमोजिम द.नं. १४० दुर्गा उपाध्यायनीको नाउँमा साविक दर्ता भएको २०३२ सालसम्मको तिरो तिरेको भू.सु. ७ नं. फाराममा लगत दिएको सर्भे नापीमा लुकुम्स्वारा-५ को कि.नं. २४४ क्षे.फ. १-१-०-० को जग्गा माधे कामीका नाउँमा फिल्डबुकमा कायम भएको माधे कामीको मिति २०६०।०४।१० मा मृत्यु भएको निजको नजिकको हकदार एकमात्र श्रीमती सरस्वती कामीको मिति २०५८।०९।२० मा मृत्यु भएकोले निज मृतक दम्पति बाट ३ भाई छोराको जाय जन्म भएकोमा उक्त जग्गाको नजिकको हकदारमा मन कुमारी कामी, तुल बहादुर सुनार, डिल बहादुर सुनार, तेज बहादुर कामी, नर बहादुर वि.क., मेघ बहादुर वि.क. समेत ६ जनाले नै भोगचलन गर्दै आएको उक्त जग्गा हाम्रो नाउँमा छुट जग्गा दर्ता नामसारी गरीपाउँ भनी कास्की जिल्ला पोखरा म.न.पा. २२ बस्ने मन कुमारी कामी, तुल बहादुर सुनार, डिल बहादुर सुनार, तेज बहादुर कामी, नर बहादुर वि.क. र मेघ बहादुर वि.क. ले यस कार्यालयमा संयुक्त माग निवेदन पेश गर्नुभएको हुँदा उक्त जग्गामा यस अघि कसैले कारवाही चलाएको भए वा निजको माग बमोजिम छुट जग्गा दर्ता नामसारी गर्न नमिल्ने वा दर्ता हुन नपर्ने कुनै कारण भए वा तपशिलमा उल्लेखित जग्गामा अरु कसैको हक लाग्ने भए वा सरकारी सार्वजनिक पर्न गए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिन भित्र सवुद प्रमाण सहित दावी उजुरी गर्न आउनुहोला । अन्यथा कानुन बमोजिम भै जानेछ । पछि कसैको उजुर वाजुर लाग्ने छैन ।

तपशिल

| जिल्ला | गा.वि.स. /न.पा. | वडा नं. | कित्ता नं. | क्षेत्रफल | विरह | किसिम | फिल्डबुकको व्यहोरा |
|---|---|---|---|---|---|---|---|
| कास्की | लुकुम्स्वारा | ५ | २४४ | १-१-०-० | मकै | दोयम | माधे कामी |

*ईति संवत २०८१ साल चैत्र १७ गते रोज १ शुभम् ।*

# वालवालिकाको सर्वाङ्गीण विकासको लागि दिक्षान्त कार्यक्रम महत्वपूर्ण: भण्डारी

**पोखरापत्र संवाददाता**
पोखरा, १९ चैत

ग्लोवल वाल वाटिका मण्टेश्वरी प्रि स्कुलबाट ९० जना विद्यार्थीहरु दिक्षित भएका छन् ।

नवौं दिक्षान्त समारोहमा युकेजीको परीक्षा सकेर पास भएका विद्यार्थीहरुलाई दिक्षित कार्यक्रममा समावेश गरिएको थियो । युकेजी सन, मुन र स्टारका ३०-३० जनाको सहभागिता रहेको थियो ।




पोखरा महानगरपालिका शिक्षा महाशाखाका बरिष्ठ विद्यालय निरीक्षक कृष्णप्रसाद भण्डारीको प्रमुख आतिथ्यतामा भएको थियो । भण्डारीले दिप प्रज्वलन गरी कार्यक्रमको उद्घाटन गरेका थिए । कार्यक्रममा बोल्दै उनले पोखरामा करिब ४ सय ५३ भन्दा विद्यालयमा २ सय ३ सामुदायिक विद्यालय र अन्य संस्थागत विद्यालय रहेको जानकारी गराएका थिए । उनले दिक्षान्त कार्यक्रमले वालवालिकाहरुलाई शिक्षा प्राप्त गर्न विशेष प्रेरणा दिने काम भएको बताउँदै अन्यले पनि दिक्षान्त कार्यक्रम गर्नुपर्ने उनको भनाई रहेको थियो । स्थानीय तह शिक्षा नियमावली अनुसारका मापदण्डहरु ग्लोवलले पुरा गरेर सञ्चालन गरेको बताउँदै उनले हरेक वर्ष विद्यार्थीहरुको चाप बढ्दै गएको आफुलाई जानकारी आएको भण्डारीले बताए । "ग्लोवलले साना वालवालिकाको इच्छा, रुचि चाहना अनुसार काम गर्दै आएको पाइएको छ । अभिभावक र वालवालिकाहरुको वीच समन्वय गर्ने काम गरेको छ, यसले अभिभावकलाई समेत प्रेरित गरेको छ" उनले भने ।

वालवालिकाहरु विहान १० बजेदेखि ४ बजेसम्म विद्यालयमा रहदा पढ्न सिकाउने, गुरुहरुको आज्ञा पालना गर्न सिकाउने भएपनि अन्य समय परिवार सँगै हुने भएकोले राम्रा नराम्रा गुणहरु परिवारबाट वालवालिकाहरुमा प्रभाव पर्ने भएकोले अभिभावकहरुले पनि विशेष ध्यान दिनुपर्ने उनको भनाई रहेको थियो । त्यसैगरी पछिल्लो समय प्राविधिक ज्ञान र सीपसँग वालवालिका प्रत्यक्ष जोडिने भएको हुँदा शिक्षकहरुले व्यक्तिगत दक्षतालाई पनि बढाउँदै लैजानुपर्ने कुरामा जोड दिए । उनले भने "नयाँ विषयवस्तुमा तयारी भएर वालवालिका नै आउने अवस्था आएको छ । गुरुहरु पनि पूर्व तयारी गरेर कक्षाकोठामा जानुपर्नेहुन्छ । उनले ग्लोवलले शिक्षक सँगै अभिभावक र वालवालिकाहरुलाई विभिन्न सृजनात्मक गतिविधिमा जोडेर काम गर्दै आएको पाउँदा आफुलाई खुसी लागेको बताए ।

पोखरा प्राज्ञ प्रतिष्ठानका कुलपती, ग्लोबल कलेजियट स्कुलका प्रशासनिक उपप्रचार्य तथा ग्लोवल वाल वाटिकाका संस्थापक तथा कार्यक्रमका अध्यक्ष पदमराज ढकालले विद्यालयमा हुने क्रियाकलापहरुमा आवश्यक सामागीहरु शिक्षक, कर्मचारी आफैले विद्यालयमा नै उत्पादन गर्नुका साथै विद्यार्थीहरु समेत समावेश गराइएको जानकारी गरएका थिए । त्यसैगरी उनले ग्लोवलमा भएका शिक्षकहरुको कार्यक्षमता कुशल रहेको कारण नै दिनप्रतिदिन विद्यार्थीहरुको संख्या बढ्दै गएको उल्लेख गरेका थिए । भने विद्यार्थीहरुले गरेका रचनात्मक कार्यहरुबा आफू प्रभावित भएको बताए । ग्लोवल वालवाटिका मण्टेश्वरी प्रि-स्कुलका प्रिन्सीपल बविता पालिखेले विगत देखि हालसम्म विद्यालयले गरेका गतिविधिहरु प्रस्तुत गर्नुका साथै, नवौ दिक्षान्त समारोह सम्म आइपुग्दा सहयोग गर्नुहुने सबै प्रति धन्यवाद व्यक्त गरेका थिइन् ।

पालिखेले विद्यार्थीहरु काँचो माटो भएको र उनिहरुको सर्वाङ्गीण विकासमा ग्लोवलले अहम भुमिका निर्वाह गर्दै आएको बताउँदै वालवालिकाहरु जन्मजात नै विशेष क्षमता बोकेर आउने जानकारी गराइन् । "विभिन्न क्षमता भएका विद्यार्थीहरुको अन्तरनिहित प्रतिभालाई प्रस्फुटन गर्न मुल उद्देश्यका साथ अगाडि बढेको हुँदा अभिभावकहरुको रोजाइ ग्लोबल बनेको छ, उनले भनिन् । उनले, वालवालिकाको पहिलो पाठशाला घर रहेको र पहिलो गुरु अभिभावक भएको बताउँदै घरबाट नै असल शिक्षा, वालवालिकाको भावना, मानवता, दया, माया, प्रेम जस्ता कुराहरु परिवारबाट नै सिक्ने हुँदा अभिभावकहरुले विशेष ध्यान दिनुपर्नेमा उनको जोड रहेको थियो । अभिभावकको तर्फबाट इन्जिनियर प्रविण नेपालीले ग्लोवलसँग १६ वर्षको अनुभव भएको बताए । उनले, ग्लोवलले विद्यार्थीहरुको सर्वाङ्गीण विकासमा राम्रोसँग ध्यान दिंदै आएको अनुभुति सुनाएका थिए । भने मण्टेश्वरीमा हुने दिक्षान्त कार्यक्रमले बाट बालवालिकामा थप प्रेरणा दिएको ज्योति परियारले बताइन् । उनले ग्लोवलको गतिविधि र कार्यक्रममा प्रत्यक्ष वालवालिका सहभागी हुने हुँदा मौलिकता र रचनात्मक काममा समेत उल्लेख्य फाइदा पुगेको बताएकी थिइन् । कार्यक्रममा विभिन्न मनोरञ्जनका कार्यक्रमहरु गरिएको थियो । स्वागत नृत्य (सरस्वती बन्दना), सोरठी चन्द्रकै छोरीको मुहार, राई माइलाले गाउँ छाड्यो रे, रुकुमैकोट, गाउ गाउबाट उठ लगायतका गीतमा युकेजीका वालवालिकाहरु नृत्य प्रस्तुत गरेका थिए भने मेरो लागि त भगवान बोलको गितमा आमा छोराको नृत्य, बाबा हजुर मेरो लागि वोलको गितमा बावा र छोरीको नृत्य, डालि डालिमा बोलको गीतमा शिक्षकहरुको नृत्य प्रस्तुत गरिएको थियो । तितो सत्य लघु नाटक, एवम् विभिन्न गीतहरुका ट्र्याकहरुमा गीत गाएर अभिभावकहरुलाई मनोरञ्जन प्रदान गरेका थिए ।

उक्त कार्यक्रमको सञ्चालन मण्टेश्वरीका शिक्षकहरु बसन्ति बस्नेत, लालमाया गुरूङ, जेनीता राईले गरेकी थिइन् भने प्रिन्सिपल बबिता पालिखेले स्वागत मन्तव्य व्यक्त गरेकी थिइन् । संस्थापक पदम राज ढकालको अध्यक्षतामा भएको थियो ।

# फोटो यात्रा-गन्तव्य मेघौली

**पोखरापत्र संवाददाता**
पोखरा, १९ चैत

नेपाल फोटो पत्रकार संघ (एनपिजेए) कास्कीको आयोजनामा 'फोटो यात्रा-गन्तव्य मेघौली' कार्यक्रम भएको छ । बाराही जंगल लजको सहयोगमा भएको कार्यक्रम २ दिनसम्म सञ्चालन भएको थियो ।

आइतबार कास्कीबाट निस्किएको एनपिजेए कास्कीको टिम चितवनको भरतपुर महानगरपालिका २८ मेघौलीस्थित बाराही जंगल लज पुगेर सोमबार पोखरा फर्किएको हो । टोलीले पृथ्वी राजमार्गको सडक विस्तार, बाराही जंगल लजको सुन्दरतासँगै आतिथ्य, थारु समुदायको नृत्य, डुंगा सफारी, मेघौलीबाट देखिने सूर्यास्त, जंगल सफारीको फोटो, भिडियो खिचेका थिए । नवलपुरको गैडाकोट नगरपालिका स्थित मौलाकाली मन्दिरसँगै त्यहाँ जान बनाइएको केवलकार र नारायणी नदीमा सञ्चालित मोटर बोटको दृष्य पनि कैद गरेको संघका अध्यक्ष राम गुरुङले बताए । कार्यक्रममा पत्रकार महासंघ गण्डकीकी महासचिव जमुना वर्षा शर्माले फोटो र पर्यटन क्षेत्र एक अर्काका परि पूरक भएको बताइन् । हरेक सञ्चार माध्यममा फोटो पत्रकार आवश्यक रहेको उनको भनाइ थियो । समग्र क्षेत्रको विकासमा फोटोले अहम भूमिका खेल्ने भएकाले कास्कीमा रहेको नेपाल फोटो पत्रकार संघ कास्कीलाई आगामी दिनमा अझै रचनात्मक काम गर्दै अघि बढ्नुपर्ने उनले सुझाव दिइन् ।

मेघौली पुगेको टिमले बाराही जंगल लजबारे महाप्रबन्धक प्रकाश चन्दसँग अन्तरक्रिया गरेको थियो । २०१३ सेप्टेम्बरबाट बाराही ग्रुपले सञ्चालनमा ल्याएको लज विदेशी



एवं स्वदेशी पर्यटकको रोजाइमा पर्ने गरेको छ । १३ हेक्टरमा फैलिएको लज राप्ती नदीको किनारमा हरियाली जंगलभित्र छ । थारु शैलीको घरमा बस्न पाउनु यसको विशेषता रहेको चन्दले बताए । लजबाटै राप्ती नदीमा जलचर रमाएको मात्र नभई चितवन राष्ट्रिय निकुञ्जमा मृग, गैंडा, हात्ती लगायत जंगली जीवजन्तु रमाएको दृश्यावलोकन गर्न मिल्छ । ती जीवजन्तुलाई अझ नजिकबाट नियाल्न साँझमा डुंगा सफारी र बिहानमा जंगल सफारीको सुविधा छ । स्थानीय थारु संस्कृति प्रवर्द्धन गरिरहेको लजमा पर्यटक बस्ने भिल्लादेखि स्वागत कक्ष, डाइनिङ, टाइगर्स डेन बारका घरसमेत थारु शैलीमै बनेका छन् । लोपोन्मुख अवस्थामा पुगेको मट्टीतेल लालटिन लजमा निकै रचनात्मक ढंगले सदुपयोग गरिएको छ । लजमा बेलुका स्थानीय थारु र कुमाल जातिकै सांस्कृतिक नाँच देखाइने उनले बताए । मेघौली क्षेत्रको पर्यटन प्रवर्द्धनमा लजले टेवा पुऱ्याइरहेको जानकारी दिदैं उनले त्यहाँबाट नजिकै रहेको विमानस्थल सञ्चालनमा आए टेवा पुग्ने बताए । एनपिजेए कास्कीका अध्यक्ष गुरुङले लजले मेघौली, चितवन मात्र नभएर देशकै पर्यटन प्रवर्द्धनमा टेवा पुऱ्याएको बताए । यहाँको प्रकृतिको फोटो तथा भिडियोहरु फोटो पत्रकारको क्यामेरामा कैद भएकाले कुनै न कुनै माध्यमबाट लज, चितवन राष्ट्रिय निकुञ्जसगै सिंगो राष्ट्रको पर्यटन क्षेत्रको विकासका लागि प्रयोग गरिने उनले बताए । 'फोटो यात्रा-गन्तव्य मेघौली' कार्यक्रमकी संयोजक राधिका कंडेलले फोटो पत्रकारिता केवल दृष्य कैद गर्ने माध्यम मात्र नभई समाजका विविध पक्ष उजागर गर्ने सशक्त माध्यम भएको बताइन् । एनपिजेए कास्कीका उपाध्यक्ष समेत रहेकी कंडेलले भनीन्, 'यसले सूचना सम्प्रेषणलाई प्रभावकारी बनाउँदै पर्यटन प्रवर्द्धन, साँस्कृतिक सम्पदाको संरक्षण तथा सामाजिक जीवनका अनगिन्ती आयामहरु उजागर गर्न महत्वपूर्ण भूमिका खेल्छ ।'


## मालपोत कार्यालय कास्की पोखराबाट प्रकाशित भएको हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

*सूचना प्रकाशित मिति २०८१/१२/१७*

कास्की जिल्ला मौजे पौदी (सराङकोट) ३/४ नं का जि.म. चक्रपाणीको खडानन्द पाध्या जिम्मा साविक १९९१ सालको पाखो तर्फको मोठ लगत उतार बमोजिम द.नं. १४० दुर्गा उपाध्यायनी ब्राहमणीको नाउँमा साविक दर्ता भएको २०३२ सालसम्मको तिरो तिरेको भू.सु. ७ नं. फाराममा लगत दिएको सर्भे नापीमा लुकुम्स्वारा-५ को कि.नं. २४३ क्षे.फ. १-१-३-० को फिल्डबुकमा मने कामीको नाउँमा कायम भएको मन बहादुर कामीको मिति २०५३।१०।२० मा मृत्यु भएको मने कामी व्यक्ति र मन बहादुर कामी भन्ने व्यक्ति एउटै हो भनी वडा सिफारिसबाट खुलि आएको निजको एकमात्र श्रीमती डिलमाया वि.क.को मिति २०६६।०४।१५ मा मृत्यु भएको निज मृतक दम्पत्तिबाट ४ भाई छोराहरुको जायजन्म भएको निजहरुको नजिकको हकदार हामी चार भाई छोराहरु भएकोले हाम्लेनै भोगचलन गर्दै आएको उक्त जग्गा हाम्रो नाउँमा छुट जग्गा दर्ता नामसारी गरीपाउँ भनी कास्की जिल्ला पोखरा म.न.पा. २२ बस्ने खड्क बहादुर विश्वकर्मा कामी, मिन बहादुर वि.क. (कामी), धने वि.क. र दिपेन्द्र वि.क.ले यस कार्यालयमा संयुक्त माग निवेदन पेश गर्नुभएको हुँदा उक्त जग्गामा यस अघि कसैले कारवाही चलाएको भए वा निजको माग बमोजिम छुट जग्गा दर्ता नामसारी गर्न नमिल्ने वा दर्ता हुन नपर्ने कुनै कारण भए वा तपशिलमा उल्लेखित जग्गामा अरु कसैको हक लाग्ने भए वा सरकारी सार्वजनिक पर्न गए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिन भित्र सवुद प्रमाण सहित दावी उजुरी गर्न आउनुहोला । अन्यथा कानुन बमोजिम भै जानेछ । पछि कसैको उजुर वाजुर लाग्ने छैन ।

तपशिल

| जिल्ला | गा.वि.स. /न.पा. | वडा नं. | कित्ता नं. | क्षेत्रफल | विरह | किसिम | फिल्डबुकको व्यहोरा |
|---|---|---|---|---|---|---|---|
| कास्की | लुकुम्स्वारा | ५ | २४३ | १-१-३-० | मकै | दोयम | मने कामी |

*ईति संवत २०८१ साल चैत्र १७ गते रोज १ शुभम् ।*


# एक लाख १० हजार बिरुवा तयार गरिँदै

**रासस**
नवलपरासी, १९ चैत

डिभिजन वन कार्यालय नवलपरासी (बर्दघाट सुस्तापूर्व)ले एक लाख १० हजारभन्दा बढी बिरुवा तयार गर्ने भएको छ । डिभिजन वन कार्यालय कावासोती र गैंडाकोट सबडिभिजन कार्यालय गरी दुईवटा नर्सरीमा विभिन्न प्रजातिका बिरुवा तयार गरिने भएको हो ।

आगामी असारभित्र वृक्षरोपण गर्न एक लाख १० हजार बिरुवा उत्पादन गरिएको डिभिजन वन कार्यालयका प्रमुख वसन्तकेशव अधिकारीले बताउनुभयो । "नर्सरीमा बाँस, तेजपात, हर्रो, बर्रो, धुपी, कपुर, म्याडगोस्टिक, अशोक, सितलचिनी, निम, रुख कटहर, अम्बा, टाँकी, बडहर, जामुन, कल्की, टिकुमा, टिक, किम्बु, बकाइनो, पिपल,, अमला, लप्सी, चिउरी, भटमास घाँसलगायत बिरुवा छन्", उहाँले भन्नुभयो ।

हुर्काएका बिरुवा आगामी असारदेखि वृक्षरोपणका निमित्त निःशुल्क वितरण गरिने भएको छ । गत वर्ष पनि वन कार्यालयमार्फत एक लाख ६० हजार बिरुवा वृक्षरोपणका निम्ति निःशुल्क वितरण गरिएको प्रमुख अधिकारीले जानकारी दिनुभयो । "गत वर्ष एक लाख ३० हजार बिरुवा दुईवटा नर्सरीमा तयार गरिएको थियो, बहुवर्षीय र पहिल्यै तयार गरिएको बिरुवा गरेर एक लाख ६० हजार बिरुवा वृक्षरोपणका लागि वितरण गरेका थियौं ।"नर्सरीमा हुर्काइएका बिरुवा रोपणका निमित्त प्रत्येक वर्ष निःशुल्क वितरण गर्ने गरिएको छ । विशेषगरी निजी जमिनमा बिरुवा माग गर्ने उपभोक्ताले सौन्दर्यजन्य धुपी, कल्की फूल, गोलमोहर, वीरेन्द्र फूल, कपुरजस्ता बिरुवा लैजाने गरेको डिभिजन वन कार्यालयका सूचना अधिकारी शिशिर लम्सालले बताउनुभयो । "गत वर्ष बाँकी रहेको २० हजार र बहुवर्षीय २० हजार बिरुवा पनि हाम्रो नर्सरीमा रहेको छ", उहाँले भन्नुभयो, "जसमा बहुवर्षीय रुखका बिरुवा, बहुवर्षीय डाले घाँस, बहुवर्षीय फूल, सुगन्धित, जडीबुटीजन्य बिरुवाका साथै भूक्षय, कटान तथा पहिरो रोकथाम उपयोगी बाँस तथा अम्रिसो जातका बिरुवा तयार गरिएको छ ।" वन कार्यालयको नर्सरीबाट प्रत्येक वर्ष बिरुवा उपलब्ध गराउन थालिएसँगै जिल्लामा पछिल्ला वर्ष वृक्षरोपण कार्यमा वृद्धि भएको छ ।

निजी, सार्वजनिक तथा संस्थागत सबैलाई निःशुल्क बिरुवा उपलब्ध गराउँदा वातावरणीय सन्तुलन, वातावरणीय सौन्दर्यीकरण, भूक्षय तथा कटान रोकथाम, पशुको आहारा घाँस परिपूर्तिमा टेवा पुग्ने अपेक्षा गरिएको सूचना अधिकारी लम्सालले बताउनुभयो । "कार्यालयले बिरुवा वितरण गरेसँगै यहाँका विद्यालय, क्लब, टोल सुधार संस्था, धार्मिक मठमन्दिरले समेत वृक्षरोपणमा चासो देखाउन थालेका छन्", उहाँले भन्नुभयो, "नर्सरीमा बिरुवा उत्पादन गर्न थालेपछि अन्य जिल्लाबाट पनि यहाँ बिरुवा लिन आउने गरेको छन् ।"

# एयरपोर्ट टोल विकास संस्थाको अध्यक्षमा तिमिल्सिना

**पोखरापत्र संवाददाता**
पोखरा, १९ चैत

एयरपोर्ट टोल विकास संस्थाको अध्यक्षमा संगिता गौतम तिमिल्सिना चयन भएकि छन ।

पोखरा-८ स्थित एयरपोर्ट टोल विकास संस्थाको शनिबार सम्पन्न बिसौं वार्षिक साधरणसभा तथा नवौं अधिवेशनले तिमिल्सिनाको अध्यक्षतामा १५ सदस्यीय नयाँ कार्यसमिति सर्वसम्मत चयन गरेको हो । यस्तै बरिष्ठ उपाध्यक्षमा शोभा शर्मा, उपाध्यक्ष सरला लामिछाने अधिकारी, सचिवमा आशु गुरुङ, कोषाध्यक्षमा रिना थापा, सह-सचिवमा आशा जिसी चयन भएका छन् ।

यस्तै सदस्यहरुमा माया रिमाल, सबिता गुरुङ, सबिना पाईजा, लिलाकाजी गुरुङ, अम्बिका रेग्मी, कल्पना बडगामी, भगवती घिमिरे, पूर्ण माया नकर्मी र राजकुमारी गुरुङ चयन भएको निवर्तमान अध्यक्ष श्याम बहादुर श्रेष्ठले जानकारी दिए । कार्यक्रमको पोखरा-८ का वडा सदस्य पवित्रा केसीले उद्धाटन गरेकि थिइन ।

कार्यक्रममा बोल्दै वडा सदस्य केसीले नवनिर्वाचित कार्यसमितिलाई बधाई दिँदै टोलको विकासमा लाग्न आग्रह गरिन् । संस्थाका अध्यक्ष श्याम बहादुर श्रेष्ठको अध्यक्षतामा भएको कार्यक्रमको सञ्चालन सचिव सरला अधिकारीले गरेकि थिइन ।


## श्री सैनिक अस्पताल
### पोखरा, कास्की

## विद्युतिय सिलबन्दी दरभाउपत्र आव्हानको सूचना

**सुचना नं.** NAWF/MH/GOODS/CHHA/2081/82/71
**(प्रथम पटक प्रकाशित मिति २०८१।१२।२०गते)**

१. श्री सैनिक अस्पताल पोखराको लागि आ.व. ०८१/८२ मा बिभिन्न मेडिकल सम्बन्धी मेशिनरी औजारहरु खरिद गर्नुपर्ने भएकोले विद्युतिय सिलबन्दी दरभाउपत्र (e-GP) आव्हान गरिएको हुँदा नेपाल सरकारबाट ईजाजत प्राप्त ईच्छुक फर्म/कम्पनीहरुले विस्तृत जानकारीको लागि सार्वजनिक खरिद अनुगमन कार्यालयको वेभसाइट https://www.bolpatra.gov.np/egp हेर्नुहुन् यो सूचना प्रकाशित गरिएको छ ।

| सि. नं. | विवरण | लागत अनुमान (मु.अ.कर सहित) | जमानत रकम रु. | सिलबन्दी दरभाउपत्र दस्तुर रु. | दरभाउपत्र पेश गर्ने अन्तिम मिति र समय | दरभाउपत्र खोल्ने मिति र समय |
|---|---|---|---|---|---|---|
| १ | Procurement of Medical Machinery Items | ९,९०,१९१।१३ | २५,०००।- | १,०००।- | २०८२।०१।०४ गतेको १२०० बजे | २०८२।०१।०४ गतेको १३०० बजे |

२. साथै, थप जानकारीको लागि यस अस्पतालको फोन नं.९८५६०८३८२८ र ईमेल mh-pokhara@nepalarmy.mil.np मा सम्पर्क राख्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।